**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438




**Article information**

Received: 7 March 2025
Review: 8 March - 20 March 2025
Revision 21 March - 27 March 2025
Accept: 4 April 2025
Published: 10 April 2025
DOI: https://doi.org/10.3126/ps.v23i1.77521
Available: https://www.nepjol.info/index.php/ps

# धवलागिरि बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर

सरोजराज पन्त[1]
शिक्षक, समाजशास्त्र /मानवशास्त्र विभाग
धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ
ORCID iD: https://orcid.org/0000-0002-5745-6100

दुर्गा न्यौपाने
विद्यार्थी, समाजशास्त्र /मानवशास्त्र विभाग
धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ

घनश्याम रिजाल
विद्यार्थी, समाजशास्त्र/मानवशास्त्र विभाग
धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ

आँचल क्षेत्री
विद्यार्थी, समाजशास्त्र /मानवशास्त्र विभाग
धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ

**लेखसार**

अहिले विश्वविद्यालयमा घट्दै गएको शैक्षिक गुणस्तर सर्वत्र चिन्ता र चासोको विषय बनेको छ। देशमा चलिआएको र चल्दै गरेको दलीय पद्धतिको दोषारोपण शिक्षा क्षेत्रमा व्यापक छ । अभिभावकले शिक्षकलाई दोष दिने, शिक्षकले विद्यार्थी र अभिभावकलाई दोष दिने प्रवृत्ति हावी छ। यसले शिक्षा स्वच्छ, स्वस्थ नरहेको गुनासो सुनिन्छ। हरेक पक्ष दोषारोपण मात्र नगरी कमी कमजोरी समाधानको पक्षमा अघि बढे स्वच्छ शैक्षिक वातावरणको सिर्जना गर्न सक्नु पर्दछ । धवलागिरि बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि सरोकारवाला पक्षले के कस्ता कार्यहरु गरी क्याम्पसको शैक्षिक गुणस्तर माथि उठाई, आत्मनिर्भर जनशक्ति उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछ भन्ने विषयमा यो लेख केन्द्रित छ। शिक्षा राज्य तथा सरकारको दायित्व हो। यस शीर्षकमा गुणात्मक विधिमा वर्णानात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरी क्याम्पसका सरोकारवालापक्ष प्राध्यापक, कर्मचारी र छात्र-छात्राहरु गरी ३४ जना मध्ये २० जना पुरुष र १४ जना महिलासँग उद्देश्यमूलक नमूना छनोटको माध्यमवाट अन्तर्वार्ता, छलफल, प्रश्नावलीलाई प्राथमिक तथ्यहरु तथा प्रकाशित विभिन्न पुस्तक, जर्नल तथा लेखहरुलाई द्वितीय तथ्याङ्क तथा सूचनालाई आधारमानी यो लेख तयार गरिएको छ। क्याम्पसलाई राजनीतिक दबाव रवावबाट मुक्त बनाई आपसी सहकार्य र समन्वयबाट स्वस्थ प्रतिस्पर्धी जनशक्तिको रुपमा स्थापित गर्न सकिन्छ। क्याम्पसलाई भावि पुस्ताको केन्द्र बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउनका लागि स्वार्थको राजनीतिबाट माथि उठेर क्याम्पस प्रशासन, व्यवस्थापन पक्षलाई निरन्तर सहयोग गर्दै गुणस्तर अभिवृद्धिमा जोड दिनुपर्ने यस अध्ययनको निष्कर्ष रहेको छ। यसका लागि सम्पूर्ण सरोकारवाला पक्ष दलमुखी र केन्द्रमुखी मात्र नभई सेवामुखी, क्याम्पसमुखी भएर निस्वार्थ पठनपाठनको संस्कृतिको विकास गरेमा अपेक्षित गुणस्तर वृद्धिमा टेवा पुग्नेछ। यो लेख क्याम्पसका शिक्षक, कर्मचारी, विद्यार्थीहरु तथा अन्य पाठकलाई उपयोगी हुनेछ।

*शब्दकुञ्जी* : वहस, शैक्षिक गुणस्तर, सहकार्य र समन्वय

[1]Corresponding Author:sarojpanta.sp84@gmail.com

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BYNC) License
(https://creativecommons.org/licenses/by-nc/4.0/

## विषय प्रवेश

धवलागिरि बहुमुखी क्याम्पस यस क्षेत्रको शैक्षिक धरोहर हो । उच्च शिक्षाको केन्द्रविन्दु हो । तथापि यहाँ गुणस्तरीय शिक्षा प्राप्त गर्न उत्सुक विद्यार्थीहरुले अपेक्षित उपलब्धि हाँसिल गर्न अनेकौ कठिनाई रहेका छन । वि.सं. २०१९ जेठ १ गते तत्कालीन शिक्षा सहायक मन्त्री गिरीप्रसाद बुढाथोकीले धवलागिरि इन्टर कलेज, बागलुङको उद्घाटन गरेका थिए (शर्मा, कँडेल, २०७०) । विक्रम सम्वत २०१९ साल भदौ २ गते धवलागिरि महेन्द्र इन्टर कलेजको नामबाट विद्यामन्दिर हाइस्कुलबाट रात्री कक्षाको रूपमा मानविकी संकायको प्रमाणपत्र तहको पठनपाठनबाट यस क्याम्पसको स्थापना भएको पाइन्छ (उपाध्याय, २०७६) विक्रम सम्वत २०२३ साल जेठ महिनादेखि बागलुङ नगरपालिका १, लामपाटामा ४१.२३ रोपनी जग्गामा यस क्याम्पस सञ्चालन भएको पाइन्छ । अहिले यस क्याम्पसको ८८ रोपनी जग्गामा विभिन्न शैक्षिक तथा प्रशासनिक भवनहरू निर्माण गरी क्याम्पसले धवलागिरि क्षेत्रकै एक महत्वपूर्ण शैक्षिक गन्तव्यको रूपमा सेवा दिँदै आएको छ (पन्त, २०७६) । कुल पाँचवटा शिक्षण भवनमा ४५ वटा कक्षाकोठाहरूमा १३ मल्टिमिडियाको व्यवस्था गरिएको छ । सपिङ कम्प्लेक्स सहित उपल्लो हातामा सातवटा ब्लक भवन र तल्लोहातामा पाँचवटा आवासीय ब्लक भवन रहेका छन् । यसैगरी लाइब्रेरी आफनै भवनमा ३० हजार भन्दा बढी पुस्तकहरू रहेका छन् (सिलवाल, २०८१) औसतमा ३८ प्रतिशत उत्तीर्ण दर बीचैमा कक्षा छाड्ने विद्यार्थीहरू करिब ४० प्रतिशत रहेको अवस्था छ ।

व्यक्तिका क्षमता अभिवृद्धि गरी अपेक्षा अनुरुप स्तरोन्नति गर्ने कार्यलाई गुणस्तर भनिन्छ । धवलागिरि बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर वृद्धिमा विद्यार्थीहरुको भूमिका अतुलनीय छ । स्थापनादेखि धवलागिरि बहुमुखी क्याम्पसको स्थापनाको समयमा राष्ट्रसेवक, कार्यकर्ता, शिक्षाप्रेमी, समाजसेवी र शिक्षित युवाहरुको ठूलो योगदान रहेको छ । उच्च शिक्षाको आवश्यकताको बोध गराई कलेज खोल्न उत्प्रेरित गर्ने शिक्षित युवाहरु र विद्यार्थीहरु प्रेरणाका स्रोत रहेका छ (पन्त, २०७०) । बिद्यार्थीहरुको नियमित अध्ययन, अनुसन्धानप्रति रुचि, प्रविधिको उचित प्रयोग तथा अनुशासनले शिक्षाको स्तर बढाउने कार्यमा विद्यार्थीहरु सक्रिय जिम्मेवार र सिर्जनशील भएर यस क्याम्पसको स्तर सुधार गर्ने काम भइरहेको छ । शैक्षिक गुणस्तर सुधारको लागि आफनो आ-आफ्नो भूमिका, कर्तव्य परायणताका साथ निर्वाह गर्ने विद्यार्थीहरु एक महत्वपूर्ण हिस्सा हुन् ।

वर्तमान समयमा यस क्याम्पसमा मानविकी, शिक्षा, व्यवस्थापन, विज्ञान तथा प्रविधि संस्थान अन्तर्गत चार वर्षे स्नातक तहका कक्षाहरु सञ्चालनमा छन् । स्नातकोत्तर तह तर्फ मानविकी संकायतर्फ, समाजशास्त्र, मानवशास्त्र, नेपाली,व्यवस्थापन संकाय तर्फ एमबिएस र शिक्षाशास्त्र संकायतर्फ पाठ्यक्रम तथा मूल्याङकन, नेपाली शिक्षा, अंग्रेजी शिक्षाका कक्षाहरु सञ्चालनमा रहेका छन् । विक्रम सम्वत २०८१ मा यस क्याम्पसले क्युएए गुणस्तर सुनिश्चितता प्रत्यायनको प्रमाणपत्र प्राप्त गरिसकेको छ । हाल यस क्याम्पसमा २२०६ जना विद्यार्थीहरु अध्ययनरत छन् । जनशक्तिमा ६९ जना शिक्षक तथा २५ जना कर्मचारीबाट दैनिक शैक्षिक तथा प्रशासनिक कार्यहरु सञ्चालन भइरहेका छन् । यस क्याम्पसबाट वार्षिक रुपमा तीनवटा अनुसन्धानात्मक जनरल प्रकाशित हुँदै आएका छन् । यस क्याम्पसले शैक्षिक उपलब्धिमा हरेक वर्ष गण्डकी प्रदेश तथा त्रिविका सम्बन्धित शैक्षिक कार्यक्रममा अब्बल नतिजा हासिल गर्दै आएको अवस्था छ ।

विगत केही वर्षदेखि क्याम्पसले वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी सोही अनुसार शिक्षकहरुलाई वार्षिक शैक्षिक कार्ययोजना तथा एकाइ योजना निर्माण गरी लगाई शिक्षण गतिविधिहरु अगाडि बढाएको छ । त्यसै गरी शिक्षक कर्मचारीलाई स्वमूल्याङ्कन, समकक्षी मूल्याङ्कन, आन्तरिक विद्यार्थी तथा सरोकारवालाहरु समेतको मूल्याङ्कन गर्न गराउन लगाई आवश्यक पृष्ठपोषण दिने परिपाटीबाट विद्यार्थीहरुको आवश्यकताअनुसार अनलाइन पृष्ठपोषण, कक्षानोट, पाठ्यसामग्रीहरु उपलब्ध गराउने गरिएको छ ।

कुनै पनि संस्थालाई जीवन्त राख्न प्रभावकारी रुपमा सञ्चालन गर्न त्यहाँका सरोकारवाला सम्बद्ध पक्षको महत्वपूर्ण भूमिका रहन्छ । त्यसैले यस क्याम्पसको शैक्षिक प्राज्ञिक र भौतिक विकासमा प्राध्यापक, कर्मचारी, विद्यार्थीको महत्वपूर्ण भूमिका रहन्छ । क्याम्पसको महत्वपूर्ण अवयव विद्यार्थी भएकाले शिक्षा पुर्वाधार विकास, अध्ययन अनुसन्धान लगायतको विकासमा उनीहरुको महत्वपूर्ण भूमिका रहन्छ । सुरक्षित गन्तव्य र रोजगार सिर्जना गर्न सक्षम जनशक्ति बन्ने/बनाउने कार्यका लागि स्वयं विद्यार्थीहरुको महत्वपूर्ण भूमिका रहन्छ । स्वरोजगार बन्न आत्मनिर्णयको आधारमा आफूलाई जिम्मेवार र प्रतिष्ठित बनाउन साथै क्याम्पसको प्राज्ञिक शैक्षिक उन्नयन गर्न नेतृत्व विकास गरी आफूलाई क्याम्पसलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा चिनाउन समुदायसँगको अन्तरक्रिया समन्वयमा सामाजिककरणको मर्म अनुरुप कार्य गर्नमा विद्यार्थीको उत्तिकै भूमिका रहन्छ ।

शैक्षिक गुणस्तर अभिवृद्धिमा विद्यार्थीसँगै शिक्षक र अभिभावकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षक नियमित रुपमा क्याम्पसमा उपस्थित हुने र समयमा कक्षाकोठामा प्रवेश गरी पूरा समय पढाउने गर्नुपर्दछ । शिक्षकमा आफूले शिक्षण गर्ने विषयको ज्ञान, सिप, क्षमता हुनुको साथै आफूले पढाउने पाठको पूर्व तयारी, शैक्षिक सामग्रीको निर्माण र उपयुक्त प्रयोग गर्नु पर्दछ । यसरी हरेक विरामीलाई एउटै औषधिले काम नगर्न सक्दछ । त्यसैगरी फरक फरक क्षमता भएका विद्यार्थीहरुलाई पनि एउटै शिक्षण विधिले बुझाउन गाह्रो हुन सक्दछ । त्यसैले एउटै पाठलाई पनि विभिन्न शिक्षण विधि प्रयोग गरेर विद्यार्थीहरुलाई बुझाउनुपर्ने हुनसक्दछ । यसका लागि शिक्षकहरुले आफूसँग भएको सिप, ज्ञान र क्षमताको प्रयोग गर्नुपर्छ साथै सिकाई उपलब्धि अभिवृद्धि गर्न विद्यार्थीहरु पनि लगनशील हुनुपर्छ । क्याम्पसमा नियमित उपस्थित हुने, कक्षामा शिक्षकले सिकाएको समयमा ध्यान केन्द्रित गर्ने, गृहकार्य नियमित गर्ने गर्नुपर्दछ । विद्यार्थीले क्याम्पस शिक्षकप्रति सकारात्मक धारणाको विकास गर्नुपर्छ । सकारात्मक धारणाले सधैं सफलतातिर डोऱ्याइरहेको हुन्छ । विद्यार्थीले शिक्षकलाई आदर गर्नुपर्दछ । क्याम्पसमा भएका हरेक गतिविधिमा प्रत्यक्षरुपमा अभिभावकको चासो र सहयोग हुनुपर्दछ । आफना छोराछोरीका हरेक क्रियाकलापलाई नजिकैबाट नियाल्दै गलत लागेका कुराहरुलाई तत्काल सुधार गरेर लैजानु पर्दछ । तर क्याम्पस स्तरमा सम्बद्ध सरोकारवाला विच आपसी समन्वयको अभाव रहेको पाइन्छ ।

## समस्याको कथन

विद्यार्थीको पहिलो पाठशाला घर हो । घरबाट राम्रो तरिकाले सिकेको र संस्कारमा हुर्केको व्यक्तिले भविष्यमा राम्रो प्रगति गर्दछ । परिवारका सदस्य र अभिभावकले विद्यार्थीको भाग्य रेखा कोर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ (पौडेल, २०७८) । उच्च गुणस्तरको शिक्षा प्राप्त नगरी कुनै पनि देशले दिगो विकास हासिल गर्न सक्दैन । आजको प्रतिस्पर्धात्मक युगमा क्याम्पसको शैक्षिक गुणस्तर वृद्धिको विषय झन् महत्वपूर्ण बन्दै गएको छ । क्याम्पसको स्तर उच्च भए मात्र विद्यार्थीहरु गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्छन् । यसले विद्यार्थीहरुका साथै देशको भविष्य उज्ज्वल बनाउन मद्दत गर्दछ । अहिले विश्व प्राकृतिक विज्ञान, अवलोकन, परीक्षण र पुनः परीक्षणबाट अगाडि बढिरहेको छ । ध.ब.क्या.ले प्राकृतिक विज्ञानको अवधारणालाई पछ्याउदै अगाडि बढ्न आवश्यक छ । यस क्याम्पसमा थुप्रै चुनौतीहरु रहेका छन् । सबैको जोड र बलले चुनौती समाधान गर्न, संस्थालाई चुस्त, दुरुस्त रुपमा अगाडि बढन सकिन्छ । सरोकारवाला सबैको तन मन र धनका साथ अहारात्र क्याम्पसको शैक्षिक, भौतिक सुधारमा हामी सबै लाग्न सकेमा बागलुङ जिल्लाको मात्र नभई गण्डकी प्रदेश तथा देशको शीर उचो पार्न सकिनेछ (सापकोटा, २०७६) । अध्ययन तथा अध्यापनलाई उत्पादन र बजारसँग जोड्न नसकिएको तथा प्रदर्शन प्रभावका कारण नियमित रुपमा कक्षामा उपस्थित नहुने र बिचैमा कक्षा छाड्ने विद्यार्थीहरु बढ्दो क्रममा रहेको, त्रिवि ऐन नियम, स्वायत्तता नीति र नीतिका बिचमा तालमेल मिलाई सोहिअनुसार कार्य गर्न गराउन चुनौती देखिएको छ ।

सञ्चालनमा रहेका कार्यक्रमहरुमा विद्यमान जनशक्ति र विद्यार्थीहरुको नयाँनयाँ विषयप्रतिको आकर्षणले गर्दा जनशक्ति व्यवस्थापनमा चुनौती देखिएको, सम्पूर्ण शैक्षिक कार्यक्रमहरु प्रविधिमैत्री बनाउनु पर्ने तर विद्यमान जनशक्तिलाई प्रविधिमैत्री बनाउन चुनौती रहेको, स्वायत्तताको मूल मर्म बमोजिम आवश्यक जनशक्तिको व्यवस्थापन त्रिविबाट हुनु पर्नेमा सो हुन नसकेको, सीमित शैक्षिक जनशक्ति भएको अवस्थामा पनि नीतिगत र व्यवहारिक पक्षलाई बेवास्ता गर्दै शैक्षिक जनशक्ति अन्यत्र सरुवा गरिनु, अनुसन्धानका लागि आवश्यक बजेटको अभाव रहेको, स्नातक तहका विद्यार्थीहरुमा नियमितताको अभाव, मानविकी सङ्कायमा घट्दो विद्यार्थी सख्या, स्नातकोत्तर तहका विद्यार्थीहरुको पेसा व्यवसायिक व्यस्तता, विद्यार्थीहरुको कमजोर शैक्षिक धरातल, वैदेशिक रोजगारको बढ्दो आकर्षण, शेक्षिक सामग्रीको कमी, शिक्षण सिकाइ प्रक्रियामा प्रविधिको प्रयोग भए पनि विद्यार्थीको पहुँचको कमी, शिक्षकहरुमा तालिम तथा प्रशिक्षणको कमी, शिक्षक तथा विद्याथीहरुलाई अध्ययन अनुसन्धान, अवलोकन भ्रमण गराउने नीतिगत व्यवस्थाका अभाव, शैक्षिक उपलब्धिको समीक्षा गरी कार्यमूलक अनुसन्धान हुन नसक्नु, दक्ष जनशक्तिको कमी, नीतिगत तहबाट पाठ्यक्रमसँगै निर्देशिका उपलब्ध नगराउनु, बिषयगत विशेषज्ञ सेवाका लागि विविध कठिनाई रहनु लगायतका चुनौतीहरु रहेका छन् । विद्यार्थीको उमेर, क्षमता, स्तर, रुची अनुसारको कृयाकलाप छनोट गरी उचित बसाई एवम् मायालु वातावरणमा शैक्षिक सामग्री प्रयोग गरी बालकबालिकालाई नै सकृय बनाई सिकाउन सके सिकाई प्रभावकारी हुन्छ (गिरी, २०१८ मे २०) । धवलागिरि बहुमुखी क्याम्पस उच्च शिक्षाको केन्द्रविन्दु हो, तथापि यहाँ गुणस्तरीय शिक्षा प्राप्त गर्न उत्सुक विद्यार्थीहरुले अपेक्षित उपलब्धी हाँसिल गर्न सकेको पाइदैन ।

यस क्षेत्रमा कृषि, वन विज्ञान, कुखुरा पालन, पशुपालन जस्ता प्राविधिक र सीपमूलक शिक्षा सजिलै फस्टाउन सक्छ । आफ्नै स्रोतसाधन उत्पन्न गर्ने ठूलो सम्भावना रहेको छ । चारैतिर बजार क्षेत्र (शपिङ कम्प्लेक्स) निर्माण गरी सञ्चालन गरी विकास गर्न सकिन्छ । छात्रावासको माथिल्लो ढल्केको जमिनमा कफीका बिरुवा रोप्न सकिन्छ । यसले वरपरको वातावरणलाई अझ सुन्दर बनाउन सहयोग पुऱ्याउँदछ । यहाँ गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ

संस्थाहरुसँग समन्वय गरी क्याम्पसलाई आत्मनिर्भर बनाउन सकिन्छ । यहाँ शिक्षा, विज्ञान र प्रविधिको विकासका लागि थुप्रै सम्भावनाहरु रहेका छन् । नागरिक समाज र क्याम्पस प्रशासनविच उचित समन्वयको अभाव हटाई नागरिक समाजलाई क्याम्पसको विकासप्रति धेरै जिम्मेवार बनाउन आवश्यक छ । प्रयाप्त स्रोतसाधनको उचित उपयोग गर्न नसकिएको, उच्च राजनीतिक दबाब रहेको, कलेज छोड्ने विद्यार्थीहरुका लागि उचित सल्लाह परामर्श दिएर रोक्ने काम गर्न नसकिएको अवस्था छ । क्याम्पस विकासको दुरदर्शी दृष्टिकोणको अभाव, साथै गुणस्तर बनाउने वा विद्यार्थी सख्या व्यवस्थापन गर्ने चुनौती रहेको छ (पन्त, २०७०) । कुनै पनि कार्यक्रमले सम्भावना र चुनौतीहरु सँगसँगै बोकेर आएको हुन्छ तसर्थ शैक्षिक विकास गर्नको लागि आइपरेका चुनौतीहरुको सामना गर्दै अगाडि बढ्न आवश्यक छ (सापकोटा, २०७०) । यसरी महत्वपूर्ण शैक्षिक गन्तव्यको रुपमा स्थापित यस क्याम्पसमा शैक्षिक, भौतिक, आर्थिक र वातावरणीय समस्या विद्यमान रहेका छन् । तिनीहरुमा सुविधा सम्पन्न शैक्षिक तथा भौतिक संरचनाको अभाव, विद्यार्थीहरुको कक्षा छाड्ने दर बढी हुनु, तालिम प्राप्त अनुसन्धान केन्द्रित प्राध्यापकहरु यस क्याम्पसमा लामो समय सेवा नगरी सरुवा हुनु, भौगोलिक रुपमा दुर्गम स्थानमा रहनुले त्रिविले दिने दरबन्दी तथा सो बराबरको बजेट समयमा नदिनु जस्ता समस्याबाट गुज्रिएको छ । यहाँ रहेका अवसर र चुनौतीलाई केलाएर शैक्षिक गुणस्तर कायम गर्नका लागि यो लेख केन्द्रित रहेको छ ।

## अध्ययन विधि

धवलागिरि बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिको वहसमा केन्द्रित रहेको छ । यस शीर्षकमा गुणात्मक विधि तथा वर्णानात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । क्याम्पसका सरोकारवालापक्ष मध्ये प्राध्यापक, कर्मचारी र छात्रछात्राहरु गरी ३४ जसमा २० जना पुरुष र १४ जना महिलासँग उद्धेश्यमूलक नमूना छनोट विधिवाट उत्तरदाता छनोट गरी अन्तवार्ता, छलफल, प्रश्नावलीको माध्यमवाट प्राथमिक तथ्यहरु संकलन गरिएको छ । यसैगरी क्याम्पसवाट प्रकाशित विभिन्न पुस्तक, जर्नल तथा प्रकाशित लेखहरुलाई द्धितीय तथ्याङ्क तथा सूचनाको स्रोत मानी तथ्यहरु संकलन गरिएको छ । यी सबैबाट प्राप्त भएका तथ्य तथा सूचनालाई आधारमानी यो लेख तयार गरिएको छ ।

## विश्लेषण र नतिजा : शैक्षिक गुणस्तरको अवस्था

शैक्षिक क्षेत्रसँग अत्यन्त निकट रुपमा जोडिएको वर्ग विद्यार्थी हो । यही वर्गका सफलता र असफलतासँग शैक्षिक उपलब्धिको मापन, समाजको गुणस्तर निर्धारण, राष्ट्रिय दक्ष जनशक्ति तथा राष्ट्र विकासको आधार जोडिएको हुन्छ । विद्यार्थीहरु वंशाणु गुण र सामाजिक वातावरणबाट शिक्षा आर्जन गर्ने कार्यमा प्रभावित हुन्छन् । त्यसपछि क्याम्पसको वातावरण, प्राध्यापकहरुको निर्देशन, विज्ञताबाट उनीहरुको ज्ञान र सीप वृद्धि हुँदै जान्छ । तर, यो वर्गमा किशोर अवस्थादेखि शारीरिक, मानसिक परिवर्तन देखापर्छ । यि सबैले शिक्षँमा प्रत्यक्ष एवंम अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसवारे एक उत्तरदाता बिद्यार्थी नेताको भनाई यस प्रकार रहेको छ :

> विद्यार्थीहरुमा विषयगत ज्ञानको कमि छ । विद्यार्थी संख्यामा कमि हुनु अर्को समस्या रहेको छ । यसका लागि सरोकारवाला पक्षविच अन्तरक्रिया हुनुपर्ने, बौद्धिक वहस गर्नुपर्ने, सम्वद्ध निकायले स्वतन्त्र भएर काम गर्नुपर्ने देखिन्छ (शेखर खड्का, व्यक्तिगत अन्तवार्ता, २०८१/११/०५) ।

धवलागिरि बहुमुखी क्याम्पस प्राकृतिक, सांस्कृतिक र जातीय विविधतापूर्ण धवलागिरि क्षेत्रको शैक्षिक केन्द्र धवलागिरि बहुमुखी क्याम्पस हो । यसको स्थापना वि.सं. २०१९ साल भदौ २ गते भएको थियो । यो आर्थिक, भौतिक र जनशक्तिको अभावमा गुज्रिरहेको छ (उपाध्याय, २०७६) । यसले गर्दा अभिभावकको आशा, लगानी र शिक्षकको मेहनत सबै खेर जाने अवस्थामा देखिन्छ । यस्ता अवस्थामा रहेका केही प्रतिशत विद्यार्थीलाई शिक्षक तथा अभिभावकको संयुक्त परामर्शको जरुरत पर्दछ । यसो भएमा विद्यार्थीहरु किशोर अवस्थाका परिवर्तनबाट प्रभावित नभई आफनो शैक्षिक ज्ञान आर्जन गर्न सफल हुन्छन् । यसवारे अर्का उत्तरदाता प्राध्यापकको भनाई यस प्रकार रहेको छ :

> नियमित क्याम्पस आउने, निर्धारित पोशाक लगाउनु, आन्तरिक तथा प्रयोगात्मक परीक्षामा सहभागी हुने, अतिरिक्त कृयाकलापमा भाग लिने, कक्षा कोठामा हुने सिकाइ प्रक्रियामा जागरुकतासाथ सहभागी हुने गरेका छन । आंशिक रुपमा सन्तुष्ट छन् तर पूर्ण रुपमा सन्तुष्ट छैनन् । तसर्थ सिकाइ प्रकियालाई सीप, व्यवहार, उद्यमशीलता र रोजगारीसँग जोड्नुपर्ने आवश्यकता देखिन्छ । क्याम्पस तथा विश्वविद्यालयले समयसापेक्ष पाठ्यक्रम निर्माण र नविकरण गर्ने, वार्षिक क्यालेण्डरका आधारमा पठनपाठन गर्ने, सिकाइ उपलब्धि बढाउने र विद्यार्थीले लगनशीलतापूर्वक पढ्नुपर्छ । क्याम्पसमा विद्यार्थीले पढाई छोड्ने (Dropout) दर बढ्दो छ । नियमितताको अभाव छ । शिक्षकहरुले आधुनिक प्रविधि र शिक्षण विधि प्रयोग गरी पढाइरहेका छैनन् । सुधारको खाँचो छ । धवलागिरि बहुमुखी क्याम्पससँग सरोकार राख्ने विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय समाजसेवी बुद्धिजीवी सहितको वृहत

अन्तक्रियाको आयोजना गरी त्यसबाट उपलब्ध निचोडलाई कार्यान्वयन गर्न सके राम्रो हुन्छ (डिल्लीराज गौतम, व्यक्तिगत अन्तवार्ता, २०८१/११/१०)।

शिक्षाको गुणस्तर वृद्धिमा सरकार, शिक्षक, अभिभावक तथा अन्य सरोकारवालाहरुको महत्वपूर्ण भूमिका रहन्छ। क्याम्पसमा साहित्यिक गतिविधि बढाउनमा र कला संस्कृतिको विकास तथा संरक्षण गरी शैक्षिक गुणस्तर उचो राख्न सकिन्छ (सिलवाल, २०७०)। तर कुनै पनि शैक्षिक संस्थाको स्तर वृद्धिमा सबभन्दा ठूलो भूमिका विद्यार्थीहरुले खेल्छन्।

## शैक्षिक गुणस्तर अभिवृद्धिको बहस

शैक्षिक गुणस्तरले शिक्षण प्रक्रियाको प्रभावकारिता, पाठ्यक्रमको समय सापेक्षता, विद्यार्थीको शैक्षिक उपलब्धि, अनुसन्धानको स्तर, भौतिक पूर्वाधार तथा शिक्षण विधिको आधुनिकता जस्ता कुरालाई जनाउँछ। जब धवलागिरि बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर उच्च हुन्छ। गुणस्तरमा देखिएका समस्या र समाधानबारे एक उत्तरदाताको भनाई यस प्रकार रहेको छ :

.विद्यार्थीहरुमा मेहनत गर्ने वानी नहुनु, रोजगारमूलक शिक्षाको व्यवस्था नहुनु, समय व्यवस्थापन नहुनु जस्ता पक्षहरुमा भएका असन्तुष्टीलाई न्युन गराउन क्याम्पसको हरेक कार्यक्रममा सहजीकरण गुर्नुपर्ने देखिन्छ (जमूना सुवेदी, व्यक्तिगत अन्तवार्ता, २०८१/११/०५)।

शैक्षिक क्षेत्रमा समय समयमा कतिपय विद्यार्थीहरुमा परिवर्तन देखापर्दछ। त्यसले विद्यार्थीलाई सिर्जनशील, जिज्ञासु, अनुसन्धानमुखी र व्यवहारिक रुपमा सक्षम बनाउँन आवश्यक हुन्छ। यसका लागि प्राध्यापकहरुको दक्षता, पाठ्यक्रमको गुणस्तर, अनुसन्धान तथा नवप्रवर्तन, भौतिक पूर्वाधार, विद्यार्थीहरुको सक्रिय सहभागिता जस्ता प्रमुखपक्षरुले धवलागिरि बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर निर्धारण गर्दछन्। यसका लागि एक उत्तरदाता छात्राको भनाई यस प्रकार रहेको छ :

विद्यार्थीहरुले हरेक क्रियाकलापमा आफ्नो सक्रिय सहभागितालाई जोड दिनुपर्ने,आवश्यकताअनुसार परियोजना र वौद्धिक कार्य गनुपर्ने, हरेक पक्षमा नियमितरुपमा संलग्न हुन आवश्यक छ (आषिका कार्की, व्यक्तिगत अन्तवार्ता, २०८१/११/०६)।

विद्यार्थीहरुले आफ्नो हकहितका लागि परम्परागत सोच तथा कार्यशैलीलाई बदलेर निरन्तर अनुसन्धान नियमित प्रकाशन र प्राध्यापक, कर्मचारी, अभिभावकसँगको सुसम्बन्ध कायम गरी मासिक रुपमा गोष्ठी छलफल, अन्तरक्रिया लगायतका प्राज्ञिक गुणस्तर उन्नयनका कामहरु गर्नुपर्ने देखिन्छ। यसवारे उत्तरदाता छात्राहरुको भनाई निम्नानुसार रहेको छ :

नियमित उपस्थिति, ध्यानाकर्षण, सहभागिता, व्यवहारिक शिक्षा, राजनीतिक हस्तक्षेप नगर्ने,कर्मचारीलाई तालिम दिने काम गर्नु पर्दछ। अध्ययनमा जिम्मेवार हुनुपर्ने, सकारात्मक सिकाइ वातावरण बनाउने, सरसफाइमा जोड दिन जरुरी छ (सुजाता काउचा मगर, अस्मिता श्रेष्ठसँगको अन्तवार्ता, २०८१/११/०६)।

संसार बदल्नु छ। यदि संसार बदल्नु छ भने आफूबाट शुरु गर्नुपर्छ। स्मार्ट विश्वविद्यालयले समावेशी डिजिटल साक्षरता कार्यक्रमहरु, वैश्विक नेटवर्किङ अवसरहरु, विविध शैक्षिक सामग्रीहरुको प्रवर्द्धन गर्नुपर्छ जसले सांस्कृतिक अन्तरहरुलाई पुल गर्ने र विद्यार्थीहरुको सामाजिक गतिशीलता बढाउने मद्दत पुर्याउँछ। अन्ततः, इनोवेशन डिफयुजन थ्योरी (रोजर्स, १९६२) अनुसार, नयाँ प्रविधिहरुको सफल अपनाइ प्रभावकारी रुपमा विद्यमान संरचनामा समायोजन गर्ने तरिकामा निर्भर गर्दछ। त्यसैले विश्वविद्यालयहरुले शिक्षक र विद्यार्थीहरुका लागि अनुकूलन प्रशिक्षण कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्छ। यसले स्मार्ट शिक्षा प्रणालीमा सहज रुपान्तरण सुनिश्चित गर्दछ। यी समाजशास्त्रीय दृष्टिकोणहरुले विश्वविद्यालय एक प्राविधिक रुपमा उन्नत, समावेशी, र वैश्विक रुपमा जडान भएको संस्थामा रुपान्तरण हुन सक्ने र यसले नवाचार र विकासलाई प्रवर्द्धन गर्दछ। हाम्रो क्याम्पस राम्रो क्याम्पस बनाउनका लागि क्याम्पस प्रति सम्बद्द निकायले सकारात्मक सोच राखी अगाडि बढ्नु पर्दछ (थापा, २०७६)। विद्यार्थीहरु शिक्षाको केन्द्रबिन्दु भएकाले शैक्षिक गुणस्तर सुधार्न उनीहरु नियमित कक्षामा उपस्थित हुने, ध्यानपूर्वक अध्ययन गर्ने तथा शिक्षकहरुसँग अन्तरक्रिया गर्दै ज्ञानको खोजी गर्नुपर्ने हुन्छ। यसवारे एक उत्तरदाता प्राध्यापकको भनाई यस प्रकार रहेको छ :

अध्ययन अनुसन्धानमा जोड दिनुपर्ने,संस्थाको प्रकृतिअनुरुप सबैको सकारात्मक प्रयास भएमा गुणस्तरीय शिक्षा कायम गर्न सकिन्छ (हरिप्रसाद पाण्डेय, व्यक्तिगत अन्तवार्ता, २०८१/११/०८)।

विद्यार्थीहरुले अनुसन्धान तथा नविन सोचलाई प्रोत्साहन गर्नुपर्छ साथै सह शैक्षिक क्रियाकलापमा पनि संलग्नता हुनुपर्दछ । आजको डिजिटल युगमा विद्यार्थीहरुले आधुनिक प्रविधिको उपयोग गर्दै ज्ञानको दायरा फराकिलो पार्न सक्नुपर्दछ । यसवारे एक उत्तरदाता छात्रको भनाई यस प्रकार रहेको छ :

> विद्यार्थीलाई पढ्दै कमाउँदै गर्ने अवधारणालाई आत्मसात गरी देशमै टिक्ने वातावरण सृजना गर्ने, प्रविधियुक्त जनशक्ति उत्पादन गर्ने, पेड इन्टनसीपको अवधारणा अगाडि बढाउन आवश्यक छ (सुदिप सागर कँडेल, व्यक्तिगत अन्तवार्ता, २०८१/११/०६) ।

आधुनिक प्रविधिको अधिकतम उपयोग गरी शिक्षालाई गुणस्तरीय बनाउन इन्टरनेट, अनलाइन पुस्तकालय, इलर्निङ प्लेटफर्म र डिजिटल उपकरणहरुको प्रयोगले अध्ययनलाई सरल, प्रभावकारी र आधुनिक बनाउँछ । प्रविधिको दुरुपयोग नगरी अनलाइन स्रोतहरुलाई अध्ययनको सहायक सामग्रीको रुपमा प्रयोग गर्नुपर्दछ ।

स्मार्ट विश्वविद्यालयले स्वचालित प्रशासनिक प्रक्रियाहरु, भर्चुअल अध्ययन स्थानहरु, र अनुसन्धान आधारित पाठ्यक्रमहरु मार्फत यस भूमिकालाई सुदृढ पार्न मद्धत गर्दछ । यसले शिक्षालाई अझ प्रभावकारी र पहुँचयोग्य बनाउँछ । यद्यपि, प्रविधिको आधारमा निर्भर एक युगमा, नलेज सोसाइटी थ्योरी (बेल, १९७३, कास्टेलेस, १९९६) ले शिक्षाले सूचना-आधारित अर्थतन्त्रको मागलाई अनुकूल बनाउनुपर्नेमा जोड दिन्छ । ई-लर्निङ उपकरणहरु, डिजिटल पुस्तकालयहरु, अन्तरविभागीय अनुसन्धान नेटवर्कहरुको समावेश गरेर विश्वविद्यालय आफूलाई ज्ञान उत्पादन र प्रसारको एक केन्द्रको रुपमा स्थापित गर्न सकिन्छ । तर, डिजिटल डिभाइड थ्योरी (व्यान डिक, २००५) ले प्रविधिको पहुँचमा असमानता शिक्षामा भिन्नताहरु सिर्जना गर्न सक्ने चेतावनी दिन्छ । त्यसैले स्मार्ट विश्वविद्यालयले प्रविधिको पहुँच सुनिश्चित गर्दै, विविध पृष्ठभूमिका विद्यार्थीहरुलाई डिजिटल उन्नतिको लाभ लिने समान अवसरहरु प्रदान गर्नुपर्छ । थप रुपमा, बोर्डियु (१९८६) को कल्चरल क्यापिटल थ्योरीले शिक्षाले प्राविधिक सीप मात्रै होइन, सामाजिक र सांस्कृतिक ज्ञान प्रदान गर्नमा जोड दिन्छ ।

शिक्षकहरुसँग राम्रो सम्बन्ध कायम राखी मार्गदर्शन तथा परामर्श लिने बानीले विद्यार्थीलाई अझ बढी ज्ञान हासिल गर्न मद्दत गर्छ । कुनै समस्या परेमा खुलेर आफनो जिज्ञासा राखी प्राध्यापकहरुसँग नियमित छलफल गर्नुपर्दछ । विद्यार्थीहरुले आफ्ना कथा व्यथा प्रतिभा पहिचान गरी निरन्तर अध्ययनमा लागेमा स्थायित्व कायम गर्न सकिन्छ (क्षेत्री, २०७६) । विद्यार्थीहरुको आफनै साथीहरुसँग आपसी सहकार्य र समन्वय गरी शिक्षासम्बन्धी सुधारका लागि पहल गर्न सक्दछन् । गुणस्तरीय शिक्षाको लागि अनुशासन अनिवार्य छ । अनुशासन बिनाको विद्यार्थी लगाम बिनाको घोडा जस्तै हुन्छ । यसवारे उत्तरदाता छात्रहरुको भनाई यस प्रकार रहेको छ :

> वर्तमान सुचना प्रविधिको युगमा प्रतिस्पर्धा गर्नसक्ने दक्ष जनशक्ति उत्पादन गर्न प्रविधिमैत्री शिक्षामा जोड दिन आवश्यक छ । विद्यार्थीहरुको संरचनात्मक तथा भावनात्मक पक्षमा जोड दिनुपर्ने साथै समयको मागअनुसार प्रविधिमैत्री शिक्षामा जोड दिनुपर्ने देखिन्छ (जिवन शर्मा, विनोद कार्कीसँगको अन्तवार्ता, २०८१/११/०७) ।

यसका लागि विद्यार्थीहरुको योगदान विशेष हुन्छ । यसमा आर्थिक स्थिरता बढाउने, विद्यार्थीको पहल, च्यारिटी ड्राइभ, सांस्कृतिक कार्यक्रमहरु वा कार्यशालाहरु सञ्चालन गर्न कोष संकलन गर्ने, घटनाहरु विश्लेषण गर्ने तथा समस्या समाधान गर्ने कार्यक्रमहरु आयोजना गर्न सक्दछन् । विद्यार्थीहरुले पूर्व विद्यार्थीहरुको नेटवर्क निर्माण गरी आपसी समन्वय गर्न सक्दछन् । यसले विश्वविद्यालयको विकासमा आर्थिक सहयोग पुऱ्याउँछ । स्थानीय व्यवसायीहरुसँग समन्वय र सहयोगमा विद्यार्थीहरुले स्थानीय व्यवसायहरुसँग इन्टरसीप, प्रयोजन वा अन्य साझेदारीको लागि सहकार्य गरी आर्थिक संलग्न गर्न सक्दछन् । यसले साथीसँगको सहकार्य गर्न गराउन मदत पुऱ्याउन सक्छ । यसवारे एक उत्तरदाता प्राध्यापकको भनाई यस प्रकार रहेको छ :

> विद्यार्थीहरु क्याम्पसमा पढ्ने उद्देश्यलेमात्र आउने र चार वर्ष बिचमा छाडेर जान नपाउने सम्झौता गरेर भर्ना हुन सक्ने अवस्था सिर्जना गर्ने हो भने गुणस्तर कायम गर्न सकिन्छ । तवमात्र नतिजा ८०/९०% बनाउन कठिन हुदैन । सबै अन्तिम र लिखित रूपमा परीक्षा गर्ने हुनु हुँदैन । विद्यार्थी ९०% हाजिर हुने, पाठ्यपुस्तक साथमा पढ्ने उद्देश्यले आउने र दिइएका कक्षा एवम् गृह कार्य गर्ने गरेमा गुणत्तरसँगै नतिजा राम्रो ल्याउँन सकिन्छ ( विजयराज पन्त, व्यक्तिगत अन्तवार्ता, २०८१/११/१७) ।

यसैगरी छात्रा उत्तरदाताहरुका अनुसार :

विद्यार्थीहरु असन्तुष्ट भएकाले सम्वद्ध निकायले मेहनत र लगनशीलतालाई आत्मसात गरी नीतिनियमको पालना गर्न आवश्यक छ । त्यसैले सबैले मेहनती बनी लगनशीलतापूर्वक अनुशासन र इमान्दार भएर काम गर्नुपर्ने देखिन्छ (सन्ध्या सापकोटा, सृष्टि थापासँगको अन्तवार्ता, २०८१/११/०५) ।

पठनपाठनका साथसाथै विद्यार्थीहरुले स्थानीयस्तरमा उत्पादनसँग जोडेर काम गर्न सक्दछन् । भाषा कला सस्कृति उत्पादन पेशा व्यवसाय पूर्वाधारको प्रत्यक्ष रुपमा अध्ययन अनुसन्धान गरी सबै क्षेत्रका मानिस, संघसस्था स्थानीय सरकार आदिको सरसहयोग भएमा सिकाइ उपलब्धि बढाउदै सैद्धान्तिक शिक्षालाई व्यवहारमा जोड्न सकिन्छ (पन्त, २०७६) । यसकालागि केन्द्रिय निकायहरुमा निर्भरता घटाउने, विद्यार्थी प्रतिनिधित्व गर्न विद्यार्थी संघ र प्रशासनिक निकायहरुमा सक्रिय रुपमा भाग लिने, आफनो चासो व्यक्त गर्ने, निर्णय प्रक्रियामा थप स्वतन्त्रता प्राप्त गर्न पहल गर्ने, समूदायको संलग्नता, विद्यार्थीहरुले स्थानीय समुदायसँग संलग्न भएर विश्वविद्यालयका गतिविधीहरुलाई प्रर्वद्धन गर्न सक्छन् । यसले स्थानीय समर्थन प्राप्त गर्न र केन्द्रिय निकायहरुसँग निर्भरता घटाउन मदत पुऱ्याउँछ ।

मानिसले कुनै घटना ,वस्तु र तत्वको समस्याको सम्बन्धमा प्रस्तुत गरिएको निस्कर्षलाई पुनः व्यवस्थित वैज्ञानिक एवं विश्लेषणात्मक रुपबाट खोजी गरी पत्ता लगाएको नयाँ विचारले मानवीय जीवनलाई थप उचाइ बढाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ (राजभण्डारी, २०७०) । यसवारे उत्तरदाता छात्रछात्राहरुको भनाई यस प्रकार रहेको छ :

> पढाइप्रति चासो बढाउने, उत्प्रेरित हुने, रोजगार केन्द्रित पाठ्यक्रम निर्माण गर्ने, स्वदेशमै रोजगार सृजना गर्ने र वैदेशिक रोजगारको मोह हटाउन आवश्यक छ । पढ्दै कमाउदै गर्ने वातावरण बनाउन राज्य संयन्त्र क्रियाशील भएर लाग्नुपर्दछ । त्यसैले आवश्यकताअनुसार तालिम, सभा सम्मेलन, अन्तक्रिया, छलफल र योजना निर्माणसँगै कार्यान्वयन गर्न जोड दिन आवश्यक छ (सुधन वि.क., कामना श्रीस, व्यक्तिगत अन्तवार्ता, २०८१/११/०९) ।

विद्यार्थीमा सक्रियता बढाउने र आपसी समन्वय गरी अध्ययन,अनुसन्धान र विकासमा योगदान गर्ने, अनुसन्धानमा सक्रिय सहभागी भएर विद्यार्थीहरुले अनुसन्धान परियोजनाहरुमा, थेसिस लेख्न र नवप्रवर्तन गतिविधीहरुमा संलग्न हुनुपर्छ । उनीहरुले शिक्षकहरुसँग सहकार्य गरेर अनुसन्धान प्रतियोगीताहरुमा भाग लिने, अनुदानका लागि आवेदन दिन सक्छन् । यसवारे उत्तरदाता छात्राहरुको भनाई यस प्रकार रहेको छ :

> नेतृत्वदायी भूमिका खेल्ने, सहभागितामूलक सिकाइमा जोड दिने, अनुशासन र एकतामा जोड दिने, शुल्क बढी भएकाले सबैले पढ्न नपाउने अवस्थाको अन्त्य गर्ने, पदीय जिम्मेवारी बहन गर्नुपर्ने, प्रविधिको समस्या, कमजोर पूर्वाधारमा अविलम्व सुधार हुन आवश्यक छ ।.गरिव, विपन्न, असहाय विद्यार्थीहरुलाई लक्षित गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउनुपर्ने र आवश्यकता अनुसार च्ष्भमष्ब्र कक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ (रुयासा थापा मगर, अस्विनी के.सी. सँगको अन्तवार्ता, २०८१/११/०६) ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत धौलागिरि बहुमुखी क्याम्पस स्थापना भएको छोटो समयावधिमा उच्च शिक्षाप्रतिको चासो, क्रियाशीलता, चेतना र समपर्ण भावको विकास गर्ने कार्यमा यहाँको समाजशास्त्र र मानवशास्त्र विभागले महत्वपूर्ण भूमिका खेलेको छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गत कलेजहरुमा दुई विषययका छुट्टाछुट्टै विषयहरु पठनपाठन भइरहेको छ (अधिकारी, २०७६) । अनुसन्धान कार्यक्रमहरुमा विद्यार्थीहरुले अनुसन्धान समूह बनाइ समाजका समस्याहरु समाधान गर्न वा विश्वव्यापी समस्यामा केन्द्रित गर्न सक्दछन् । पाठ्यक्रम सुधारमा योगदान गर्ने, विद्यार्थीहरुले वर्तमान पाठ्यक्रममा सुधारका लागि निर्माणात्मक प्रतिक्रिया दिन सक्छन् र यसलाई उद्योगको मापदण्ड र उदीयमान प्रवृतिहरुसँग मेल खाने बनाउनका लागि शिक्षकहरुसँग छलफल गर्न सक्छन् । इन्टरडिसिप्लिनरी अध्ययनः विद्यार्थीहरुले विभिन्न क्षेत्रहरुबाट ज्ञान ल्याउने अन्तरविभागीय अध्ययन समूहहरु सिर्जना गर्नका लागि पहल गर्न सक्छन् । नियमितता सुधार्ने र ड्रप आउट घटाउने यसले अरुलाई शैक्षिक रुपमा व्यक्तिगत रुपमा मदत पुऱ्याउँछ । यसवारे छात्र उत्तरदाताको भनाई यस प्रकार रहेको छ :

> आत्मनिर्भरता र स्वावलम्वी बनी देशकै माटोमा रमाउने, आफ्नै देशको उत्पादनमा अध्ययनशील हुने, खोजमूलक कार्य गर्ने, अतिरिक्त क्रियाकलापमा सहभागीता बढाउने, विद्यार्थीहरुलाई उत्पादनमा खोजमूलक कार्यक्रम वा तालिम प्रदान गर्ने, क्याम्पसमै टिक्ने वातावरण सृजना गराउने काम गर्नु पर्दछ शिक्षालाई उत्पादनसँग जोड्न सकेमा मात्र यी सवै काम सम्भव हुनेछ (उपेन्द्र दर्जी, व्यक्तिगत अन्तवार्ता, २०८१/११/०६) ।

शिक्षालाई उत्पादनसँग जोड्ने पाठ्यक्रम निर्माण गर्ने शैक्षिक सत्र सुरु हुनु अगावै क्याम्पस प्रशासनले वार्षिक क्यालेन्डर तयार गर्ने र सोही आधारमा शिक्षकले शैक्षणिक कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने, हरेक विभाग, विषयको सह र अतिरिक्त क्रियाकलापहरुको वार्षिक कार्य योजना तयार गरी कार्यान्वयनमा ल्याउने, तोकिएको समयमा प्रवेश परीक्षा,

भर्ना, नियमित पठनपाठन र आन्तरिक परीक्षालाई व्यवस्थित गर्ने गर्नु पर्दछ । यसवारे छात्रा उत्तरदाताहरुको भनाई यस प्रकार रहेको छ :

> विद्यार्थीहरुले समयको पालना गर्ने र गराउन सामुहिक पहल गर्नुपर्ने, नीति नियमको पालना गर्नुपर्ने, भौतिक सुधारलाई पनि जोड दिन आवश्यक छ । विद्यार्थीहरु नियमित रुपमा उपस्थित भएर अतिरिक्त क्रियाकलापमा अनिवार्य रुपमा सहभागी हुन आवश्यक छ (चेतना थापा मगर, सपना खड्कासँगको अन्तवार्ता, २०८१/११/०६) ।

यसै गरी विद्यार्थीहरुमा फरक फरक क्षमता, सीप, क्षमता र दक्षता हुने भएकोले वैयक्तिक भिन्नताका आधारमा पृष्ठपोषण र कक्षा सञ्चालन गर्ने, शिक्षण कार्य तथा प्रशासनिक कार्यदक्षतामा सुधार गर्न क्याम्पसलाई प्रविधिमैत्री बनाउने, विद्युतीय उपकरण (सफ्टवयर) जडान गरी क्याम्पसको अभिलेख व्यवस्थापन गर्ने, दैनिक कार्य सम्पादनलाई सहज बनाउन जरुरी छ । यसवारे एक छात्रा उत्तरदाताको भनाई यस प्रकार रहेको छ :

> विद्यार्थीहरुको उपस्थितिमा जोड दिनुपर्ने, समय व्यवस्थापनलाई ध्यान दिनुपर्ने देखिन्छ । सरोकारवाला पक्षसँग समन्वय गरी, सबैको सक्रिय सहभागितामा अनावश्यक राजनीति नगरी सकारात्मक भूमिका खेल्न जरुरी छ (सुगम खड्का र भुवन वि.क.सँगको अन्तवार्ता, २०८१/११/०९) । यसैगरी अर्की उत्तरदाताका अनुसार विद्यार्थीहरुमा नियमितता र लगनशिलता हुनुपर्ने, समय व्यवस्थापन गर्नुपर्ने, रोजगारमूलक शिक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ ( रानी घर्ती, व्यक्तिगत अन्तवार्ता, २०८१/११/०५) ।

अध्ययन अनुसन्धानको क्षेत्रअन्तर्गत यस क्याम्पसले व्यवहारिक र सीपमूलक अध्ययनलाई बढी प्राथमिकता दिन जरुरी देखिन्छ ।समाजशास्त्रीय भन्दा मानवशास्त्रीय अध्ययनलाई बढि प्राथमिकता दिएको छ । त्यसैगरी क्षेत्रगत अध्ययन अनुसन्धानमध्ये कृषि, पर्यटन, उद्योग, सांस्कृतिक आर्थिक जीवनयापन, जडिबुटी उत्पादन, पर्यावरण, जैविक विविधता जस्ता कार्यक्रमलाई स्थानीय स्तरमा प्रयोग गर्ने गराउने बारे अध्ययन भएको हो (पन्त, २०७६) । यसमा सम्बन्धित विद्यार्थी र अभिभावकको उपस्थितिमा विषयगत परीक्षाको समीक्षा गर्ने, क्याम्पसले शैक्षिक कार्यक्रमसहितको कार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन, विद्यार्थी, चन्ददाता र स्मृतिकोषको विकास गर्ने, अनुसन्धानमूलक कार्य गर्न, विद्यार्थीको औसत उत्तीर्ण प्रतिशतका बढाउन, विद्यार्थीको नियमित हाजिरी, अतिरिक्त क्रियाकलापहरुको अभिलेखीकरण र आन्तरिक परीक्षाको नतिजा विश्लेषण गरी उत्कृष्टताका आधारमा नियमअनुसारको निःशुल्क तथा जेहेन्दार छात्रवृत्ति वितरण गर्ने, स्थानीय समुदायसँग अत्यन्तै निकटतम् र निरन्तर सम्बन्ध तथा समन्वय कायम गर्न, शिक्षण क्रियाकलापका साथमा विद्यार्थीहरुलाई प्रोत्साहन, स्याबासीसहित सकारात्मक पुनर्बल प्रदान गर्न, प्रयोगात्मक विषयको व्यवस्थापन तथा मूल्याङ्कन, अभ्यास शिक्षण,लेख तथा शोधपत्र लेखनका लागि अभिमुखीकरण कायक्रम, आन्तरिक सुपरिवेक्षण तथा मूल्याङ्कन गर्न आवश्यक छ । यसवारे उत्तरदाता छात्रहरुको भनाई यस प्रकार रहेको छ :

> सक्रिय सहभागिता, सामूहिक सिकाइ, समय व्यवस्थापन, सह र अतिरिक्त क्रियाकलापमा जोड दिने,पृष्ठपोषण र सुझाव दिने, समस्या-समय व्यवस्थापन गर्ने, शैक्षिक सामग्री समयमा ल्याउने, तालिम प्राप्त कर्मचारीको व्यवस्थापन गर्ने काममा जोड दिनुपर्दछ । नियमित उपस्थित हुने, क्याम्पसका क्रियाकलापहरुमा सक्रियरुपमा सहभागिता जनाउने, अध्ययनको लागि शान्तपूर्ण वातारवरण सृजना गर्ने, सरोकारवाला पक्षले आफ्नो जिम्मेवारी वहन गर्न एक भएर काम गर्न जरुरी छ (विरेन्द्र सापकोटा, मनोज आचार्यसँगको अन्तवार्ता, २०८१/११/०७) ।

धवलागिरि क्षेत्रको सबैभन्दा प्रसिद्ध क्याम्पस धवलागिरि बहुमुखी क्याम्पस हो । सबैको सान अनि मान भनेकै धवलागिरि बहुमुखी क्याम्पस (सिलवाल, २०७६) । विद्यार्थीहरु बिच छलफल, अन्तरक्रिया र समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्न, नियमित कक्षा लिने सञ्चालन, अनुगमन तथा परीक्षा तयारी र सञ्चालन गर्न, आन्तरिक परीक्षाको नतिजा विश्लेषणपश्चात् विद्यार्थीलाई पृष्ठपोषण लिने कार्यमा सबैको भूमिका रहन्छ । यसवारे एक उत्तरदाता प्राध्यापकको भनाई यस प्रकार रहेको छ :

> प्राध्यापक( विद्यार्थीको क्याम्पसमा नियमित उपस्थिति, आपसी समन्वय, सक्रिय सहभागिता, अनावश्यक राजनिती हटाउने, शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षाविद्, व्यवस्थापकविच निरन्तर सम्वाद तथा नविन खोजको विकास गरी गुणस्तर कायम गर्न आवश्यक छ (श्याम प्रसाद शर्मा, व्यक्तिगत अन्तवार्ता, २०८१/११/०८) ।

उपस्थिति र सक्रियतासँग क्याम्पसमा उपलब्ध स्रोत साधनको समुचित उपयोग समुदायको सहभागिता शिक्षक कर्मचारी एवम् विद्यार्थीको समर्पण, समन्वय र अथक मेहनतको संयोजन गरी स्वतन्त्र अस्तित्व कायम राख्दै ध.ब.क्या.को समग्र विकास गर्न हामी सबै अग्रसर हुनुपर्ने देखिन्छ (गौतम, २०७६) । क्याम्पसको अनुसन्धान तथा व्यवस्थापन एकाइलाई

प्रभावकारी बनाउने र प्राज्ञिक लेखन, लघु शोधकार्य, पत्र पत्रिका प्रकाशन, अभिमुखीकरण गोष्ठी सञ्चालन आदि प्राज्ञिक कार्यहरुमा प्राध्यापक(विद्यार्थीहरुको भूमिका रहेको छ । यसैगरी क्याम्पसमा विशुद्ध प्राज्ञिक वातावरण सिर्जना गर्न कुनै पनि बाह्य हस्तक्षेपबाट मुक्त राख्ने, क्याम्पसका हरेक पूर्वाधार निर्माणमा थप जनसहभागिता जुटाउन पहल गर्ने, समुदाय र स्थानीय सरकारसँगको सहकार्य गर्नमा प्राध्यापक( विद्यार्थीहरुको भूमिका रहेको छ । यि सबै काम गर्न क्याम्पसमा चुनौती रहेका छन् । यसवारे एक छात्रको उत्तरदाताको भनाई यस प्रकार रहेको छ :

> वैदेशिक मोह त्याग्नुपर्ने, शैक्षिक नीति, पाठ्यक्रम परिवर्तन गरी स्वदेशमा नै बस्ने वातावरण मिलाउने, आपसी समन्वय, रोजगार प्रविधिमैत्री केन्द्रित शिक्षा, छात्रवृत्तिको पूर्ण कार्यान्वयन गर्नु पर्दछ (राम विष्णु राउत, व्यक्तिगत अन्तवार्ता, २०८१/११/०७) ।

वास्तवमा धवलागिरि बहुमुखी क्याम्पसले दिएको गुणस्तर अनुकरण गर्न सकेमा विदेशीनु पर्दैन । पुर्खाले गरेका सम्मानजनक कार्य र शिक्षँको दियोलाई संरक्षण गर्न सकेमा नेपालमै सुन फलाउन सकिन्छ । क्याम्पस हाम्रा लागि असल अभिभावक हो, पवित्र मन्दिर हो, मन्दिरमा बलेको शिक्षाको दियोमा तेल थप्दै जान सकेमा सिप र क्षमताको अभावका कारण सुनको कचौरा बोकेर भिख माग्दै हिड्ने दिनको अन्त्य गर्न सकिन्छ (सिलवाल, २०७६) । आज जे जति अवसर छन् । ती सबैलाई पछ्याउन नसक्नु विडम्बना हो । यसवारे छात्र उत्तरदाताहरुको भनाई यस प्रकार रहेको छ :

> शिक्षण सामग्री निर्माण र प्रयोग, प्राविधिक शिक्षा, स्रोत साधनको समुचित प्रयोग गरी भूमिका खेल्न सकिन्छ ।.सक्रिय सहभागितामा जोड दिने, शैक्षिक सामग्रीको समस्या समाधान गर्ने, पुस्तकालयमा फाइन नलिने व्यवस्था गर्ने, राजनीतिक हस्तक्षेप कम गर्न आवश्यक छ (राघव शर्मा, अभय छन्त्यालसँगको अन्तवार्ता, २०८१/११/०६) ।

विद्यार्थीमैत्री शिक्षण सिकाईमा जोड दिएर विद्यार्थीहरुको अध्ययनमा सक्रियता, सहकार्य र सहिष्णुता, नेतृत्व क्षमताको विकास सामाजिक, शैक्षिक गतिविधिहरुमा संलग्नता, नवाचार तथा सिर्जनाशीलता, प्राविधिक, डिजिटल साक्षरता, सामाजिक उत्तरदायित्व, मानसिक स्वास्थ्य र भलाई आदिले पनि धवलागिरि बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तरमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ ।

### सुधार गर्नुपर्ने पक्षहरु

क्याम्पस यस क्षेत्रको महत्वपूर्ण शैक्षिक गन्तव्य भइरहदा यहाँ रहेको समस्या समाधान गर्न र आगामी शक्षिक सत्रहरुमा यस क्याम्पसका अपेक्षित शक्षिक उपलब्धि सतप्रतिशत गराउन तपसिल बमोजिका पक्षहरुमा सुधार गर्नुपर्ने देखिन्छ । यसवारे एक उत्तरदाता प्राध्यापकको भनाई यस प्रकार रहेको छ :

> विद्यमान शिक्षा प्रणालीमै व्यापक सुधार गर्नुपर्ने देखिन्छ । शिक्षा नीतिको कारणले उत्पन्न बेरोजगारी समस्या न्युनिकरण गर्दै उत्पादित जनशक्तिलाई स्वदेशमै रोजगार दिई वैदेशिक रोजगारको विकल्प खोजिनुपर्दछ ( प्राध्यापकसँगको व्यक्तिगत अन्तवार्ता, २०८१/११/०७) ।

हरेक शिक्षक र बिद्यार्थीलाई अविलम्ब प्रविधिमैत्री बनाउनु पर्ने, शिक्षक बिद्यार्थीका लागि सीप विकास तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्ने, उत्कृष्ट परीक्षा नतिजा र थप अध्ययन अनुसन्धान गर्न शैक्षिक जनशक्तिको व्यवस्था गर्ने, थप व्यवस्थापन नगरिकन विद्यमान जनशक्तिको अन्यत्र सरुवा हुने परिपाटीलाई रोक्नुपर्ने, रिक्त दरबन्दीमा जनशक्तिको व्यवस्थापन गर्नुपर्ने, प्राज्ञिक अध्ययन अनुसन्धान तथा कार्यमूलक अनुसन्धानका आधारमा शैक्षिक उपलब्धिहरुलाई थप प्रभावकारी बनाउन विभागहरुलाई प्रोत्साहित गर्नुपर्ने, शैक्षिक उपलब्धिमा सुधार गर्न सबै कक्षा कोठालाई प्रविधिमैत्री बनाउन, आयआर्जन र सीपसँग जोडिने शैक्षिक कार्यक्रमहरुलाई समय सापेक्ष रुपमा आवश्यकताका आधारमा थप गर्दै जानुपर्ने देखिन्छ । यसवारे एक उत्तरदाता प्राध्यापकको भनाई यस प्रकार रहेको छ :

> विद्यार्थीमा आत्म विश्वास जगाउने तथा व्यवहारिक र प्राविधिक शिक्षा दिने, नविनतम पाठ्यक्रमको विकास गर्ने र सैद्धान्तिक प्रकृतिको पाठ्यक्रमभन्दा व्यवहारिक प्रकारको शिक्षामा जोड दिएर अगाडि बढ्न आवश्यक छ ( नारायण प्रसाद पौडेल, व्यक्तिगत अन्तवार्ता, २०८१/११/०७) ।

विश्वमा अहिले स्मार्ट क्याम्पस र विश्व विद्यालयको अवधारणा अनुरुप काम भएका छन् । यसै अनुरुप यस क्याम्पसको विकास गर्ने उपायहरुमा डिजिटल रुपान्तरण र पूर्वाधार, इन्टरनेट पहुँच सुधार, स्मार्ट कक्षाकोठा र ईलर्निङ, ईलाइब्रेरी र डिजीटल अनुसन्धानमा पहुँच, अनलाईन क्लव, समावेशी र पहुँचयुक्त डिजीटल शिक्षा, विद्यार्थी तथा

प्राध्यापकहरुका लागि निःशुल्क डिजीटल साक्षरता तालिम, अपाङ्गता भएका विद्यार्थीहरुका लागि डिजीटल पहुँच स्क्रीन रिडर, सबटाइटल, अडियो, नोट्समा जोड दिने, प्रशासनिक सुधार र नीति परिमार्जन, प्राध्यापकहरुको तालिम र अनुकुलन, नियमित रुपमा डिजीटल शिक्षण विधिहरुमा तालिम दिन आवश्यक देखिन्छ । यसवारे उत्तरदाता छात्राहरुको भनाई यस प्रकार रहेको छ :

> प्रविधिमूलक शिक्षा, सिक्दै कमाउदै गर्ने वातावरण सृजना गर्ने, तालिम प्राप्त शैक्षिक जनशक्ति व्यवस्थापन, शिक्षक र विद्यार्थीविच आपसी समन्वय, विद्यार्थीहरुमा उत्प्रेरणा जगाउने काम गर्नु पर्दछ । आवश्यक सुझाव र सल्लाह दिने, आत्मनिर्भर बन्नको लागि उत्प्रेरित गर्ने, डिजीटल प्रणाली अवलम्बन गर्ने, पेशागत क्षमतामा अभिवृद्धि गर्ने, सीप र सक्षमतामा आधारित सिकाई अवलम्वन गर्ने काम गर्नु पर्दछ (कोशीका खड्का, रोशनी शाहीसँगको अन्तवार्ता, २०८१/११/०७) ।

विश्वक्ष्यापी अभ्यास हेर्दा आज स्मार्ट विश्वविद्यालयको विकाससँग समाजशास्त्रीय सिद्धान्तसँग मेल खान्छ । यसले सामाजिक रुपान्तरणमा शिक्षाको भूमिका माथि जोड दिन्छ । ह्युमन क्यापिटल थ्योरी (बेक्कर, १९६४) ले शिक्षामा लगानीले सीप र उत्पादकत्वलाई जोड दिन्छ । यसले स्मार्ट विश्वविद्यालयहरुको आवश्यकतालाई समर्थन गर्दछ । डिजिटल अध्ययन प्लेटफर्म र एआई-आधारित शिक्षण विधिहरु समावेश गरेर विद्यार्थीहरुलाई आधुनिक श्रमिक शक्तिको लागि तयार गराउनमा जोड दिएको छ । यसैगरी स्ट्रक्चरल फङ्सनालिजम (पार्सन्स, १९५१) ले विश्वविद्यालयलाई एक संस्थाको रुपमा हेर्दै सामाजिक स्थिरता कायम राख्नमा जोड दिन्छ । यसै गरी ज्ञान र मूल्यहरु प्रसारण गर्नमा जोड दिन्छन । हाईब्रिड शिक्षण प्रणाली लागु गर्ने, .विद्यार्थी सहभागिता र सामाजिक अन्तरसम्बन्ध, सह(कार्यकलाप, दीगो व्यवस्थापनमा सौर्य शक्तियुक्त क्याम्पस, स्मार्ट फोहोर व्यवस्थापन, स्मार्ट शिक्षामा नेपाली संस्कृतिको डिजीटल सामग्री तयार पार्न आवश्यक हुन्छ । यसवारे एक उत्तरदाता प्राध्यापकको भनाई यस प्रकार रहेको छ :

> नविन पाठ्यक्रमको निर्माण र प्रयोग, जिम्मेवारी वहन, प्रोत्साहन कार्यक्रम, शिक्षक विद्यार्थी नियमित उपस्थिति भएमा गुणस्तर कायम गर्न सहज हुनेछ (दिपेन्द्र न्यौपाने, व्यक्तिगत अन्तवार्ता, २०८१/११/०८) ।

शिक्षा जिवन हो । परिवर्तनको संवाहक हो । नेपाली समाज, इतिहास र परम्परालाई प्रवद्धन गर्ने, अनुसन्धानहरुलाई डिजीटल अभिलेखमा राख्ने आदि कार्य गरेमा आगामी दिनमा धवलागिरि बहुमुखी क्याम्पसको स्वरुप र क्याम्पसले तय गरेका आदर्श वाक्य, दुरदष्टि, ध्येय तथा लक्ष्य परिपूर्ती गर्ने र क्युएए प्राप्तिका लागि गरेका कार्यलाई साकार पार्दै निरन्तरता दिन, क्याम्पसका व्यवस्थापन समितिका अध्यक्षले पेश गरेका नीति तथा कायक्रमहरु, सञ्चालन गरिने मुख्य मुख्य क्रियाकलापहरु तथा क्याम्पस प्रमुखले आगामी शैक्षिक वर्षहरुका लागि प्रस्ताविक कार्ययोजनालाई परिणाममुखी बनाउन सफलता पुर्वक कार्यान्वयन गर्न सकिनेछ ।

## निष्कर्ष

कुनै पनि सस्थाको शैक्षिक गतिविधिलाई यस क्षेत्रको सामाजिक, आर्थिक तथा राजनीतिक विकासको गतिले दिशानिर्देश गर्दछ । समाजमा स्थापित शैक्षिक संस्थाले उत्पादन गरेको जनशक्ति कस्तो छ त्यसमा निर्भर गर्दछ । समुदायको चालचलन र व्यवहारले शैक्षिक संस्थाको भविष्य निर्धारण गरेको हुन्छ । शैक्षिक संस्थाबाट उत्पादित जनशक्तिले समाजको उत्थान र प्रगतिमा योगदान पुऱ्याउन सक्नुपर्दछ । बेरोजगारी उत्पादन गर्ने कारखानाका रुपमा मात्र शैक्षिक संस्था रहनु हुँदैन । समुदायसँगका जीवन्त सम्बन्धले नै संस्थालाई भावी कार्यक्रम गर्न थप हौसला पुग्ने गर्दछ । समाजमा रहेका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाले सञ्चालन गरेका कार्यक्रममा क्याम्पसको सघन सहभागिता रहँदै आएको छ । अध्ययन अनुसन्धान कार्यमा आगामी दिनमा सबै तह र क्षेत्रका मानिस, संघसस्था, स्थानीय सरकार आदिको सरसहयोग अति जरुरी छ । अब यस कामलाई समयसापेक्ष रुपमा प्रभावकारी रुपमा सञ्चालन गर्न सक्नु पर्दछ । यस अध्ययनको निष्कर्षलाई दैनिक व्यवहारमा प्रयोग गरी अपेक्षित उपलब्धि हासिल गर्न सकेमा अहिले पढाइप्रति देखिएका गुणस्तर र शिक्षण सिकाईका समस्याहरुमा कमि हुने अपेक्षा गर्न सकिछ । हिजोका दिनमा भोगेका, भएका गतिविधिबाट पाठ सिकेर सुनौलो भविश्यकोरी असल राष्ट्र वनाउन सरकार, विश्वविद्यालय र क्याम्पसले थप कार्य गर्न जरुरी छ । परिवर्तित समयानुसार अझै परिस्कृत, अर्थपूर्ण, नतिजामुखी, व्यवहारिक अनुसन्धान गरी स्वरोजगारमुलक शिक्षामा जोडदिन सकिन्छ । यसका लागि आवश्यक आर्थिक, प्राविधिक सहयोग गरी यस्ता कामलाई निरन्तरता दिन र सक्षम जनशक्ति उत्पादन गरी स्वदेशमा काम गर्ने, कमाउने र रमाउने वातावरण सृजना गर्न तर्फ सवद्ध निकायको समयमै चासो दिन आवश्यक छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, विश्वबन्धु (२०७६), *समाजशास्त्र, मानवशास्त्र विभागसँग जोडिएका सन्दर्भ र अनुभूतिहरु,* प्रज्ञा सारथि विशेषाङ्क, त्रि.वि. प्राध्यापक संघ, एकाइ समिति, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ । पृ. २२३-२३०

उपाध्याय, रामप्रसाद (२०७६), *धवलागिरि बहुमुखी क्याम्पसको संक्षिप्त चिनारी,* प्रज्ञा सारथि विशेषाङ्क त्रि.वि. प्राध्यापक संघ ध.ब.क्या । पृ. १-१५

गिरी, यादव (२०१८ मे २०), शैक्षिक सुधारमा विद्यार्थीको भूमिका, *raptisandeshs.com*

गौतम, डिल्लीराज (२०७६), *क्याम्पसमा विद्यार्थीदेखि प्राध्यापक संघको सभापतिसम्म,* प्रज्ञा सारथि विशेषाङ्क, त्रि.वि. प्राध्यापक संघ ध.ब.क्या । पृ. ९३-१०१

थापा, दिनबहादुर (२०७६), *धवलागिरि बहुमुखी क्याम्पसमा मेरा २६ वर्षे अनुभव र अनुभुति,* प्रज्ञा सारथि विशेषाङ्क, त्रि.वि. प्राध्यापक संघ ध.ब.क्या । पृ. ११७-१२४

थापा, मनबहादुर (२०७६), *विश्वविद्यालयमा स्ववियुको भूमिका र समीक्षा,* प्रज्ञा सारथि, त्रि. वि. प्राध्यापक सङ्घ, एकाइ समिति, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ । पृ. १८३-१९१

थापा, सिलवाल र अन्य (२०७८), *धवलागिरि क्याम्पस विगत र वर्तमान,* धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ ।

पन्त, निलप्रसाद (२०७०), *नेपालको उच्च शिक्षामा धवलागिरि बहुमुखी क्याम्पसको योगदान,* स्वर्ण महोत्सव स्मारिका प्रकाशन उपसमिति, ध.ब.क्या.।

पन्त, सरोजराज (२०७४), *अध्ययन अनुसन्धानमा समाजशास्त्र, मानवशास्त्र विभाग,* प्रज्ञा सारथि, त्रि.वि. प्राध्यापक संघ, एकाइ समिति, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ ।

पन्त, सरोजराज (२०७६), *अध्ययन अनुसन्धानमा समाजशास्त्र, मानवशास्त्र विभाग,* प्रज्ञा सारथि विशेषाङ्क, त्रि.वि. प्राध्यापक संघ ध.ब.क्या । पृ. २३४-२४६

पन्त, दिनेश (२०७६), *धवलागिरि बहुमुखी क्याम्पसको शैक्षिक भविष्य,* प्रज्ञा सारथि, त्रि. वि. प्राध्यापक संघ, एकाइ समिति, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ । पृ. १३९-१४१

पाण्डेय, हरिप्रसाद (२०७६), *धवलागिरि विश्वविद्यालयको सपनासम्म,* प्रज्ञा सारथि, त्रि.वि. प्राध्यापक संघ, एकाइ समिति, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ । पृ. २८७-२८८

पौडेल, शिवप्रसाद (२०७८), *माध्यमिक तहको गणित विषयको उपलब्धिमा प्रभाव पार्ने तत्वहरु,* प्रज्ञा सारथि, त्रि.वि.प्राध्यापक संघ ,एकाइ समिति, ध.ब.क्या.।

राजभण्डारी, प्रमिला (२०७०), *अनुसन्धान पद्धति,* प्रज्ञा सारथि, त्रि.वि.प्राध्यापक संघ, ध.ब.क्या.।

शर्मा, बलराम (२०७६), *मेरा बुझाइमा अभ्यास शिक्षण,* प्रज्ञा सारथि, त्रि. वि. प्राध्यापक संघ, एकाइ समिति, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ । पृ. १६७-१७१

सापकोटा, प्रकाशप्रसाद (२०७६), *वि.एस्सी कार्यक्रम विगतदेखि वर्तमानसम्म,* प्रज्ञा सारथि विशेषाङ्क, त्रि.वि. प्राध्यापक संघ ध.ब.क्या । पृ. १५६-१६२

सापकोटा, प्रकाशप्रसाद (२०७०), *धवलागिरि बहुमुखी क्याम्पसमा विज्ञान तथा प्रविधि अध्यापनः सम्भावना र चुनौतीहरु,* स्वर्ण महोत्सव स्मारिका प्रकाशन उपसमिति, ध.ब.क्या.।

सिलवाल, आनन्दराज (२०७०), *बागलुङको भाषा साहित्य र कला संस्कृतिको एक झलक,* प्रज्ञा सारथि, त्रि.वि.प्राध्यापक संघ,ध.ब.क्या.।

सिलवाल, सुदर्शन (२०७६), *धवलागिरि बहुमुखी क्याम्पसमा मेरा दुई दशकका शिक्षण अनुभुति र अनुभव,* प्रज्ञा सारथि विशेषाङ्क, त्रि.वि. प्राध्यापक संघ ध.ब.क्या । पृ. २४७-२५१

क्षेत्री, देवबहादुर (२०७६), *धवलागिरि क्याम्पसमा विद्यार्थीदेखि शिक्षकसम्म,* प्रज्ञा सारथि विशेषाङ्क, त्रि.वि. प्राध्यापक संघ ध.ब.क्या । पृ. १३२-१३६

Becker, G. S. (1964). *Human capital: A theoretical and empirical analysis, with special reference to education*. University of Chicago Press.

Bell, D. (1973). *The coming of post-industrial society: A venture in social forecasting.* Basic Books.

Bourdieu, P. (1986). The forms of capital. In J. G. Richardson (Ed.), Handbook of theory and research for the sociology of education (pp. 241-258). *Greenwood Press. https://doi.org/10.1007/978-1-4614-6435-8_47*

Castells, M. (1996). The rise of the network society (Vol. 1*). Blackwell Publishers. https://doi.org/10.1002/9781444322104.ch6*

Parsons, T. (1951). *The social system*. Free Press.

Rogers, E. M. (1962). Diffusion of innovations. *Free Press. https://doi.org/10.4324/9781315090790*

Van Dijk, J. A. G. M. (2005). The deepening divide: Inequality in the information society. *Sage Publications. https://doi.org/10.4135/9781452231106.*

**Ethical Approval for Research:** Not applicable.

**Conflict of Interest:** No conflict of interest.

**Ethical Conduct of Research:**

We declare that this work has been ethically conducted.

**Acknowledge**

We would like to express our gratitude to everyone who helped us complete this study. We would like to thank the research participants for their assistance and the reviewers for their constructive comments. Finally, we express our thanks to the chief editor and editorial teams who supported us to make this research publishable.

**Authors bionote**

**Saroj Raj Panta** (https://orcid.org/0000-0002-5745-6100) is a PhD scholar and works as a teaching assistant at the Sociology and Anthropology department of Dhawalagiri Multiple Campus, Baglung, Tribhuvan University, Nepal. Apart from his teaching duties, he is a prolific writer and writes a dozen books as well as on current issues for journals and the local and national media. Transformation learning, culture, gender, tourism, human wildlife conflict, disaster management, and ethnicity are among his areas of interest. He has received numerous awards, including the Ratna Shrestha Provincial Award, the National Education Award from the Government of Nepal in 2069 BS, the Hari Laxmi Narayan Prasad Memorial Journalism Award, and the District Education Prize.

**Durga Neupane** is a first-semester student of the Master's program in Sociology at Dhawalagiri Multiple Campus.

**Aanchal Chhetri** is also a first-semester student of the Master's program in Sociology at Dhawalagiri Multiple Campus.

**Ghanashyam Rijal** is a second-semester student of the Master's program in Sociology at Dhawalagiri Multiple Campus.

**Author Contributions**

**Saroj Raj Panta**: Conceptualization of the research, development of research tools, and manuscript writing.
**Durga Neupane**: Data collection.
**Aanchal Chhetri**: Data collection and organization.
**Ghanashyam Rijal**: Data collection and organization.